राप्ती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मसुरिया,देउखुरी, दाङ, प्रदेश नं ५ नेपाल

## नागरिक वडापत्र

क. व्यक्तिगत विवरण सिफारिस तथा प्रमाणिकरण

| सेवाको किसिम | सेवा प्राप्त गर्न उपलब्ध गराउनु पर्ने कागज प्रमाण एवं प्रक्रिया | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र समय | | जिम्मेवार निकाय: सम्पर्क अधिकारी वा शाखा |
|---|---|---|---|---|
| | | दस्तुर | समय | |
| १. नागरिकता सिफारिस | १. जन्म दर्ताको प्रमाणपत्रको सक्कल र प्रतिलिपि १ प्रति ।<br>२ जन्म मिति खुलेको शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि।<br>३. हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति ।<br>४. निवेदकको पिता/माता/विवाहित महिलाको लागि पतिको ना.प्र.प.को सक्कल र प्रतिलिपि १/१ प्रति वा सनाखत गर्ने घर परिवारको अन्य व्यक्ति भएमा निजको ना.प्र. पत्रको प्रतिलिपि<br>५. विवाहित महिलाको हकमा, निजको बाबु वा माइती तर्फको एकाघरका व्यक्तिको ना.प्र.प.को प्रतिलिपि १ प्रति, जन्म दर्ता प्रमाण पत्र, विवाहदर्ता प्रमाणपत्रको सक्कल र प्रतिलिपि १/१ प्रति<br>६. अन्य गा.वि.स., न.पा.बाट बसाई सरी आएको व्यक्तिको हकमा बसाई सराई दर्ताको प्रमाणपत्रको सक्कल र प्रतिलिपि १ प्रति र बसोबासको प्रमाणित हुने कागजातहरु ।<br>७. निवेदकको पिता/पतिको मृत्यु भएको अवस्थामा मृत्यु दर्ता प्रमाण पत्र र नाता प्रमाणितको सक्कल र प्रतिलिपि १/१ प्रति<br>८. कार्यालयले आवश्यकता अनुसार स्थलगत किटानी सर्जमिन मुचुल्का गर्न सक्ने । | | सोही दिन वा सर्जमिनको हकमा बढीमा ३ दिन | सम्बन्धित वडाःअध्यक्ष वा वडा सचिव |
| २. नागरिकता प्रतिलिपि सिफारिस | १. अनुसुची बमोजिम निवेदन फाराम ।<br>२. हराएको ना.प्र.पत्रको प्रतिलिपि ।<br>३. ना.प्र.पत्र झुत्रो वा अक्षर,फोटो नबुझ्ने भएमा सक्कल प्रति ।<br>४. हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो ।<br>५. नागरिता अन्यत्र जिल्लाको भएमा बसाईसराई दर्ता र विवाहीतको लागि विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी | | सोही दिन वा सर्जमिनको हकमा बढीमा ३ दिन | सम्बन्धित वडाःअध्यक्ष वा वडा सचिव |
| ३. नाम थर संशोधन/दुवै नामको व्यक्तिएकै भएको सिफारिस | १. व्यहोरा प्रष्ट खुलेको रित पूर्वकको निवेदन ।<br>२. सम्वन्धित व्यक्तिको नागरिकताको सक्कल र प्रतिलिपि<br>३. नाम,थर आदि फरक परेको सम्वन्धित कागजातको प्रतिलिपि<br>४. बसाइसराई गरी आएको भए बसाईसराई प्रमाण पत्रको प्रतिलिपि<br>५. पासपोर्ट साइजको फोटो २ प्रति<br>६. आवश्यकता अनुसार सर्जमिन मुचुल्का गरिने | | सोही दिन वा सर्जमिनको हकमा बढीमा ३ दिन | सम्बन्धित वडाःअध्यक्ष वा वडा सचिव |
| ४. विवाहित, अविवाहित, जन्म मिति प्रमाणित/ सिफारिस | १. व्यहोरा प्रष्ट खुलेको रितपूर्वकको निवेदन<br>२. सम्वन्धित व्यक्तिको नेपाली नागरिकताको सक्कल र प्रतिलिपि<br>३. विवाह दर्ता/जन्म दर्ता प्रमाण पत्रको सक्कल र प्रतिलिपि<br>४. अविवाहित प्रमाणित गर्नुपर्नेको हकमा अभिभावकको नागरिकताको प्रतिलिपि र अभिभावकको सनाखत<br>५. आवश्यकता अनुसार सर्जमिन मुचुल्का | | सोही दिन वा सर्जमिनको हकमा बढीमा ३ दिन | सम्बन्धित वडाःअध्यक्ष वा वडा सचिव |
| ५. स्थायी/अस्थायी बसोवास प्रमाणित सिफारिस | १. व्यहोरा प्रष्ट खुलेको रितपूर्वकको निवेदन<br>२. सम्वन्धित व्यक्तिको ना.प्र. पत्रको प्रतिलिपि<br>३. जग्गा धनी प्रमाण. पूर्जा र घर निर्माण इजाजत पत्रको प्रतिलिपि<br>४. घरजग्गा कर तिरेको चुक्ता पत्रको प्रतिलिपि<br>५. नागरिता अन्यत्र जिल्लाको भएमा बसाई सराई दर्ताको प्रमाण पत्रको प्रतिलिपि | | सोही दिन | सम्बन्धित वडाः अध्यक्ष वा वडा सचिव |
| ६. चारित्रिक प्रमाणित सिफारिस | १. व्यहोरा प्रष्ट खुलेको रितपूर्वकको निवेदन<br>२. सम्वन्धित व्यक्तिको ना.प्र.पत्रको प्रतिलिपि<br>३. पासपोर्ट साइजको २ प्रति फोटो<br>४ नागरिकता अन्यन्त्रको भएमा बसाई-सराई दर्ता प्रमाण पत्रको सक्कल र प्रतिलिपि | | सोही दिन वा सर्जमिनको हकमा बढीमा ३ दिन | ६. चारित्रिक प्रमाणित सिफारिस |
| ७ पारिवारिक नाता प्रमाणित तथा नाता कायम प्रमाणित/ सिफारिस | १. व्यहोरा प्रष्ट खुलेको रितपूर्वकको निवेदन<br>२. सम्वन्धित व्यक्तिहरुको ना.प्र.प.को प्रतिलिपि १/१ प्रति, नाता प्रमाण खुल्ने कागजातको सक्कल र प्रतिलिपि<br>३. न.पा. बाहिरका ना.प्र. पत्र भएमा बसाई सराई दर्ता प्रमाण पत्रको सक्कल र प्रतिलिपि<br>४. नावालकको हकमा जन्म दर्ताको सक्कल र प्रतिलिपि<br>५. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २/२ प्रति<br>६. अन्य आवश्यकता अनुसारका कागजात<br>७. आवश्यकता अनुसारको सर्जमिन गर्न सक्ने | | सोही दिन वा सर्जमिनको हकमा बढीमा ३ दिन | सम्बन्धित वडाःअध्यक्ष वा वडा सचिव |

| सेवाको किसिम | सेवा प्राप्त गर्न उपलब्ध गराउनु पर्ने कागज प्रमाण एवं प्रक्रिया | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र समय | | जिम्मेवार निकाय: सम्पर्क अधिकारी वा शाखा |
|---|---|---|---|---|
| | | दस्तुर | समय | |
| ८. मृत्यु पश्चात्को नाता प्रमाणित | १. अनुसुची अनुसारको निवेदन फाराम<br>२. मृतकका नातेदारहरु (हकदारहरु) को ना.प्र.प.को प्रतिलिपि<br>३. मृतकको मृत्यु दर्ता प्रमाण पत्रको सक्कल र प्रतिलिपि, नावालकको हकमा जन्म दर्ताको प्रमाण पत्रको सक्कल र प्रतिलिपि<br>४. वडाको किटानी सर्जमिन मुचुल्का<br>५. मृतकका नातेदारहरु (हकदारहरु)को फोटो २/२ प्रति<br>६. मृतक तथा निवेदकहरुको नागरिकता अन्यत्रको भएमा बसाई-सराई दर्ता प्रमाण पत्रको सक्कल र प्रतिलिपि<br>७. मृतकको नातेदारहरु (हकदारहरु) सबै उपस्थित हुनुपर्ने | | सोही दिन वा सर्जमिनको हकमा बढीमा ३ दिन | सम्बन्धित वडाःअध्यक्ष वा वडा सचिव |
| ९ मोही लगतकट्टा सिफारिस | १. व्यहोरा प्रष्ट खुलेको रित पूर्वकको निवेदन<br>२. मोहियानी अस्थाइ निस्साको सक्कल र प्रतिलिपि<br>३. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि<br>४. नागरिकताको प्रतिलिपि | | सोही दिन | सम्बन्धित वडाः वडा सचिव |
| १०. घर जग्गा नामसारी - (पैतृक सम्पति) | १. व्यहोरा प्रष्ट खुलेको रितपूर्वकको निवेदन<br>२. मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि<br>३. मृतकसँगको नाता प्रमाणित पत्रको प्रतिलिपि<br>४. सम्बन्धित हकदारहरुको ना.प्र.को प्रतिलिपि<br>५. नावालकको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि<br>६. मृतकका नामको जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि<br>७. निवेदकको नागरिकता अन्यन्त्रको भएमा सम्बन्धित गा.वि.स./न.पा.बाट हालसालै हकदार प्रमाणित गरिएको पत्र<br>८. हकदारहरुको पासपोर्ट साइजको फोटो २/२ प्रति<br>९. चालु आ.व.को घरजग्गा कर तिरेको चुक्ता पत्र र मालपोत तिरेको रसिदको प्रतिलिपि | | सोही दिन | सम्बन्धित वडाः अध्यक्ष वा सचिव |
| ११.चार किल्ला प्रमाणित | १. कार्यालयले उपलब्ध गराएको निवेदन फाराम<br>२. निवेदकको ना.प्र. पत्रको सक्कल र प्रतिलिपि<br>३. जग्गा धनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि<br>४. सम्बन्धित जग्गाको स्पस्ट नापी नक्सा/ट्रेस<br>५. चालु आ.ब. को मालपोत तिरेको रसिदको प्रतिलिपि<br>६. आवश्यक परेमा सर्जमिन मुचुल्का<br>*(सम्बन्धित व्यक्ति स्वयं उपस्थित हुनुपर्ने)* | | सोही दिन वा सर्जमिन पश्चात् | सम्बन्धित वडाः अध्यक्ष वा वडा सचिव |
| १२. घर बाटो प्रमाणित | १. कार्यालयले उपलब्ध गराएको निवेदन फाराम<br>२. ज.ध.प्र.पत्र को प्रतिलिपि र ना.प्र.प.को प्रतिलिपि<br>३. जग्गाको स्पस्ट नापी नक्सा/ट्रेस<br>४. चालु आ.ब. को मालपोत तिरेको रसिदको प्रतिलिपि<br>५. आवश्यक परेमा सर्जमिन मुचुल्का<br>*(सम्बन्धित व्यक्ति स्वयं उपस्थित हुनुपर्ने)* | | प्रविधिक निरीक्षण वा सर्जमिन पश्चात् | सम्बन्धित वडाः अध्यक्ष वा वडा सचिव |
| १३. विद्युत/खानेपानी/टेलिफोन लाइन जडान सिफारिस | १. व्यहोरा प्रष्ट खुलेको रितपूर्वकको निवेदन<br>२. घर भएको स्थानको ज.ध.प्र.पत्रको प्रतिलिपि<br>३. निवेदकको ना.प्र. पत्रको प्रतिलिपि<br>४. घर नक्सापास इजाजत पत्रको प्रतिलिपि<br>५. घरजग्गा कर चुक्ता पत्र र मालपोत तिरेको रसिदको प्रतिलिपि<br>६. घर निर्माणको आंशिक वा पूर्ण सम्पन्न पत्रको प्रतिलिपि | | सोही दिन | सम्बन्धित वडाः वडा अध्यक्ष वा वडा सचिव |
| १४. सम्पत्ति मूल्यांकन सिफारिस | १. व्यहोरा प्रष्ट खुलेको रितपूर्वकको निवेदन<br>२. ना.प्र पत्रको प्रतिलिपि<br>३. घर नक्सापास प्रमाण पत्रको प्रतिलिपि<br>४. कित्ता नापी नक्सा (ब्लु प्रिन्ट/ट्रेस)<br>५. जग्गा धनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि<br>६. घरजग्गा करचुक्ता पत्र र मालपोत तिरेकोरसिदको प्रतिलिपि<br>*(सम्बन्धित व्यक्ति स्वयं उपस्थित हुनुपर्ने)* | | सोही दिन वा सर्जमिनको हकमा बढीमा ३ दिन | सम्बन्धित वडाः वडा अध्यक्ष वा वडा सचिव |
| १५. आयश्रोत प्रमाणित | १. व्यहोरा प्रष्ट खुलेको रितपूर्वकको निवेदन<br>२. ना. प्र. प. को प्रतिलिपि<br>३. आयश्रोतको प्रमाण कागजातहरुको सक्कल र प्रतिलिपि<br>४.घर भाडा बापत प्राप्त आयमा बहाल कर तिरेको प्रमाण र नगरपालिकालाई बहाल कर बुझाएको रसिदको प्रतिलिपि<br>व्यवसायबाट आयश्रोत प्रमाणीत गर्नु परेमा<br>१ स्थानीय निकायमा दर्ता/नवीकरण प्रमाणपत्रको प्रतिलिपि<br>२ आन्तरीक राजश्व कार्यालयमा दर्ता प्रमाण पत्रको प्रतिलिपि<br>३ अघिल्लो आ.ब.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि<br>४ अघिल्लो आ.ब.को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि | | ३ दिन | सम्बन्धित वडाः वडा अध्यक्ष वा वडा सचिव |

| सेवाको किसिम | सेवा प्राप्त गर्न उपलब्ध गराउनु पर्ने कागज प्रमाण एवं प्रक्रिया | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र समय | | जिम्मेवार निकाय: सम्पर्क अधिकारी वा शाखा |
|---|---|---|---|---|
| | | दस्तुर | समय | |
| १६. नक्सा पास | १. न.पा. कार्यालयले उपलब्ध गराएको फाराम<br>२. जग्गा धनी दर्ता प्रमाण पूर्जाका प्रतिलिपि<br>३. ना.प्र.प. को प्रतिलिपि र फोटो २ प्रति<br>४. नापी शाखाबाट प्रमाणित कित्ता नापी नक्सा (ब्लु प्रिन्ट/ट्रेस)<br>५. ईन्जिनियरीङ्ग काउन्सीलमा दर्ता भएका ईन्जिनियरहरुले बनाएको राष्ट्रिय भवन निर्माण आचारसंहिता २०७२ अनुसार भवनको नक्सा<br>६. डिजाइन गर्ने ईन्जिनियरको ईन्जिनियरींङ्ग काउन्सीलमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि<br>७. नियमानुसार कर तथा मालपोत तिरेको रसिद<br>८ साँध सधियारको मन्जुरी | | ७ दिन देखि १० दिन भित्र | गाउँपालिका: नक्सा पास शाखा र प्रमुख प्रशासकीय अधिकृत |
| १७. नक्सा नामसारी | १. न.पा. कार्यालयले उपलब्ध गराएको निवेदन<br>२. घर नक्सा पास भएको प्रमाणपत्र, पास भएको सक्कल नक्सा र नक्साको प्रतिलिपि<br>३. लालपूर्जाको प्रतिलिपि, नागरिकताको प्रतिलिपि<br>४. रजिष्ट्रेसन (लिखत) कागजको प्रतिलिपि<br>५. घरजग्गा कर तिरेको चुक्तापत्र र मालपोत तिरेको रसिदको प्रतिलिपि<br>६. नापी शाखाबाट प्रमाणित नापी नक्सा (ब्लु प्रिन्ट/ट्रेस) | | ७ दिन | गाउँपालिका: प्राविधिक शाखा ( नक्सापास उपशाखा शाखा र प्रमुख प्रशासकीय अधिकृत |
| १८. घर निर्माण पुर्ण/आंशिक सम्पन्न प्रमाण पत्र | १. न.पा. कार्यालयले उपलब्ध गराएको निवेदन<br>२. नक्सा पासको सक्कल र प्रतिलिपि<br>३. पूर्जाको प्रतिलिपि, ना.प्र.को प्रतिलिपि र फोटो २ प्रति<br>४. घरजग्गा कर तिरेको चुक्ता पत्र र मालपोत रसिदको प्रतिलिपि<br>५ चारै दिशा बाट खिचिएको प्रस्ट देखिने फोटो १/१ प्रति<br>६. सम्बन्धित प्रविधिकको स्थलगत निरीक्षणको प्रतिबेदन | | १ दिन वा प्राविधिकको स्थलगत निरीक्षण पश्चात् | गाउँपालिका: प्राविधिक शाखा ( नक्सापास उपशाखा) शाखा र प्रमुख प्रशासकीय अधिकृत |
| १९. घर नक्सा नवीकरण | १. न.पा. कार्यालयले उपलब्ध गराएको निवेदन<br>२. नक्सा पासको सक्कल र प्रतिलिपि<br>३. पूर्जाको प्रतिलिपि, नागरिकताको प्रतिलिपि र फोटो २ प्रति<br>५. घर निर्माण भएको भए निर्माण भएको तला सम्मको घरजग्गा कर तिरेको चुक्ता पत्र र मालपोत रसिद प्रतिलिपि<br>६. नापी शाखाबाट प्रमाणित कित्ता नापी नक्सा (ब्लु प्रिन्ट/ट्रेस)<br>७. सम्बन्धित प्रविधिकको स्थलगत निरीक्षणको प्रतिवेदन | | एक दिन वा प्राविधिकको स्थलगत निरीक्षण पश्चात् | गाउँपालिका: प्राविधिक शाखा ( नक्सापास उपशाखा) शाखा र प्रमुख प्रशासकीय अधिकृत |
| | | | | |
| १. आधारभूत विद्यालय खोल्न अनुमति वा स्वीकृतिको लागि तथा कक्षा अपग्रेड गर्न गाउँपालिकामा सिफारिस | १. सम्बन्धित विद्यालय वा व्यवस्थापन समितिको अनुरोध पत्र<br>२. विद्यालय संचालन वा कक्षा अपग्रेडका लागि तथा व्यवस्थापन समितिको बैठकको निर्णयको प्रतिलिपि<br>३. नयाँ संचालन गरिने विद्यालयको शिक्षा नियमावली बमोजिम विद्यालयको विवरण भरिएको फाराम<br>४. नजिकको समान तहका २ विद्यालयबाटसहमती पत्रको प्रतिलिपि<br>६. विद्यालयको नामको भवन तथा भाडाको भवन भएमा घरजग्गा कर तिरेको कर चुक्ता पत्रको प्रतिलिपि<br>७. घर भाडामा लिएको भए सम्झौता पत्रको प्रतिलिपि<br>८. सम्बन्धित वडा कार्यालयको सिफारिश | सामुदायिक विद्यालय निशुल्क र संस्थागत विद्यालयको हकमा आर्थिक ऐनले तोकेबमोजिम को शुल्क | गाउँ शिक्षा समिति गाउँ कार्यपालिकाको कार्यालय | गाउँपालिका: शिक्षा, युवा तथा खेलकुद शाखा, प्रमुख प्रशासकीय अधिकृत एवं गाउँपालिका अध्यक्ष |
| २. संस्था दर्ता/नवीकरण | १. सम्बन्धित व्यक्ति/संस्थाको निवेदन<br>२. वडा कार्यालयको सिफारिस<br>३. संस्थाको विधान २ प्रति,<br>४. संस्था अन्यत्र दर्ता भई सकेको भए प्रमाण पत्र प्रतिलिपि<br>५. संस्था रहेको भवनको घरजग्गा कर र मालपोत तिरेको रसिदको प्रतिलिपि भडामा लिएको भए सम्झौता पत्रको प्रतिलिपि<br>६. साधारण सभाको निर्णयको प्रतिलिपि<br>७. अघिल्लो आ.ब.को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि | आर्थिक ऐनले तोके बमोजिम | सोही दिन | प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकृत कर्मचारी |
| ३. व्यवसाय दर्ता | १ सम्बन्धित व्यक्तिको निवेदन पत्र<br>२.पासपोर्ट साइजको २ प्रति फोटो<br>३.नागरिकता प्रमाणपत्र र जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि<br>४.घर/जमिन बहालमा लिई व्यवसाय गर्ने भए घर/जमिन बहालमा लिएको सम्झौता पत्रको प्रतिलिपि<br>५. सम्बन्धी अन्य कार्यालयमा दर्ता भएको प्रमाण पत्र र आयकर दर्ता, प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि भ्याट सँग सम्बन्धित भए सो को प्रमाण पत्र | आर्थिक ऐनले तोके बमोजिम | सोही दिन | प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकृत कर्मचारी |
| ४. उद्योग दर्ता तथा सिफारिस | १. सम्बन्धित उद्योगीको रितपुर्वकको निवेदन<br>२. उद्योगीको ना.प्र.प.को प्रतिलिपि<br>३. उद्योग संचालन हुने जग्गाको प्रमाण पुर्जाको प्रतिलिपि<br>४. जग्गा भाडामा लिएको भए जग्गा भाडाको संझौताको प्रतिलिपि<br>५. ज.ध.को ना.प्र.प.को प्रतिलिपि<br>६. उद्योग अन्यन्त्र सम्बन्धीत कार्यालयमा दर्ता भएको भए सो को प्रमाण पत्रहरुको प्रतिलिपि, आय कर, प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि, भ्याट सँग सम्बन्धित भए सो को प्रमाण पत्रको प्रतिलिपि<br>७. सम्बन्धित वडा कार्यालयको सर्जमिन सहितको सिफारिस | आर्थिक ऐनले तोके बमोजिम | २ दिन वा सर्जमिन मुचुल्का पश्चात् | गाउँपालिका: गाउँपालिका अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत |

| सेवाको किसिम | सेवा प्राप्त गर्न उपलब्ध गराउनु पर्ने कागज प्रमाण एवं प्रक्रिया | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र समय | | जिम्मेवार निकायः सम्पर्क अधिकारी वा शाखा |
|---|---|---|---|---|
| | | दस्तुर | समय | |
| ५. टोल विकास संस्था तथा अन्य समुह | १. टोल विकास संस्था/समुहको आफ्नो लेटर प्याडमा लेखिएको छाप सहित निवेदन<br>२. टोल विकास संस्था अन्य समुहको बैठक भेलाले गरेको निर्णय प्रतिलिपि<br>३ संस्थाको विधान, २ प्रति<br>३. कार्य समितिमा रहेका पदाधिकारीहरुको ना.प्र.प.को प्रतिलिपि<br>४. वडा कार्यालयको सिफारिस | | १ दिन | गाउँपालिकाः गाउँ प्रमुख/प्रमुख प्रशासकीय अधिकृत |
| | | | | |
| १. जन्म दर्ता | १. सूचकले भरी पेश गरेको जन्म दर्ता अनुसुची फाराम<br>२. सुचकको ना.प्र.प.को सक्कल र प्रतिलिपि<br>३. नवजात शिशुको बाबु र आमाको ना.प्र.पत्रको सक्कल र प्रतिलिपि<br>४. नवजात शिशुको बाबु र आमाको विवाह दर्ता प्रमाण पत्रको सक्कल र प्रतिलिपि<br>५. न.पा. बाहिरबाट आएको व्यक्तिको हकमा बसाईसराई दर्ताको प्रमाणपत्र को प्रतिलिपि<br>६. अस्पतालमा जन्म भएको भएमा सो को प्रमाण पत्रको पतिलिपी | | सोही दिन | सम्बन्धित वडाः अध्यक्ष/ वडा सचिव |
| २. मृत्युदर्ता | १. सूचकले भरी पेश गरेको मृत्यु दर्ता अनुसूची फाराम<br>२. सचकको ना.प्र.प.को सक्कल र प्रतिलिपि<br>३. मृतकको ना.प्र. पत्रको सक्कल र प्रतिलिपि<br>४. न.पा. बाहिरबाट आएको हकमा बसाइसराई दर्ता प्रमाणपत्र सक्कल र प्रतिलिपि<br>५. अस्पतालमा मृत्यु भएको भए मृत्यु प्रमाण पत्रको प्रतिलिपि | | सोही दिन | सम्बन्धित वडाः अध्यक्ष/ वडा सचिव |
| ३.विवाहदर्ता | १. पति पत्नी दुवैले संयुक्त रुपमा सहिछाप गरेको विवाह दर्ता अनुसूची फाराम<br>२. पति पत्नी स्वयं अनिवार्य उपस्थिति हुनु पर्ने<br>३. पतिको नागरिकताको सक्कल र प्रतिलिपि अनिवार्य पेश गर्नुपर्ने<br>४. पत्नीको विवाह हुनु अगावै नागरिता बनाएको भए अनिवार्य पेश गर्नुपर्ने<br>५. पत्नीको नागरिता प्रमाण पत्र नबनाएको भए जन्म दर्ता प्रमाण पत्रको सक्कल र प्रतिलिपि ।<br>६. पत्नीको पिता वा माइती तर्फको एकाघरको नागरिकता प्रतिलिपि | | सोही दिन | सम्बन्धित वडाः अध्यक्ष/ वडा सचिव |
| ४. बसाईसराई दर्ता | १. बसाई सरी आएकाको हकमा बसाई सराई दर्ता अनुसुची फाराम भरी पेश गर्नुपर्ने (बसाइ सराई दर्ता प्रमाणपत्र सहित)<br>२. सुचकको ना.प्र.प.को सक्कल र प्रतिलिपि<br>३. मुलीको ना.प्र.पत्र<br>४. घर, जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी र सो नभएको हकमा बसाइ खुल्ने प्रमाण कागज<br>५. बसाईसराई गरी आएकाहरुको नागरिताको प्रतिलिपि/जन्म दर्ता प्रमाण पत्र | | सोही दिन | सम्बन्धित वडाः अध्यक्ष/ वडा सचिव |
| ५.सम्बन्ध विच्छेद | १. अदालतको फैसलाको प्रतिलिपि<br>२. सम्बन्धित व्यक्तिले भरी पेश गरेको सम्बन्ध विच्छेद अनुसुची फाराम<br>३. सुचकको नागरिता प्रमाण पत्रको सक्कल र प्रतिलिपि<br>४. नगरपालिका बाहिरबाट आएको हकमा बसाइसराई दर्ता प्रमाणपत्र सक्कल र प्रतिलिपि | | सोही दिन | सम्बन्धित वडाः अध्यक्ष/ वडा सचिव |
| (२) सामाजिक सुरक्षा सम्बन्धी | | | | |
| १. सामाजिक सुरक्षा कार्यक्रमः *जेष्ठ नागरिक, दलित, एकल महिला, विधवा महिला, क र ख वर्गका असक्त अपांग र दलित बालबालिका परिचय पत्र* | १. सम्बन्धित व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>२. विधवा महिलाको लागि पतिको मृत्युदर्ता, मृतकसँग विवाह दर्ता र मृत्युपछिको नाता प्रमाणित प्रमाण पत्रको प्रतिलिपि<br>३. अशक्त अपांगता भएका व्यक्तिहरुको लागि अपांगताको वर्ग खुलेको प्रमाण पत्रको प्रतिलिपि, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र नावालक भएमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि<br>४. दलित बालबालिकाको लागि जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि बाबु र आमाको विवाह दर्ता प्रमाण पत्र, नागरिकताको प्रतिलिपि<br>५. सम्बन्धित व्यक्तिको पासपोर्ट साइजको २/२ प्रति फोटो<br>६. बसाइ-सराई गरी आएकोमा बसाई-सराई प्रमाण पत्रको प्रतिलिपि<br>*(स्वयं उपस्थित हुनुपर्ने साथै ज्येष्ठ नागरिकको हकमा हरेक वर्षको श्रावण १ गते मंसिर ३० गते भित्र र अन्यको हकमा जुनसुकै बखत आवेदन गर्नसक्ने)* | | सोही दिन | सम्बन्धित वडाः अध्यक्ष/ वडा सचिव |
| २.सामाजिक सुरक्षा कार्यक्रमः *परिचय पत्र नवीकरण* | १. परिचय पत्रको प्रतिलिपि<br>२. नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>३. अन्यत्रको नागरिकता भए बसाई-सराई प्रमाणपत्रको प्रतिलिपि<br>४. सम्बन्धित व्यक्तिको पासपोर्ट साइजको फाटो २ प्रति<br>*(हरेक वर्ष श्रावण १ गते देखि मंसीर १५ गते भित्र, सम्बन्धित व्यक्ति स्वयं उपस्थित हुनुपर्ने)* | | सोही दिन | सम्बन्धित वडाः अध्यक्ष/ वडा सचिव |
| ३. भत्ता रकम बुझ्न | सम्बन्धित वडा कार्यालयबाट भत्ता रकम बुझ्न सकिनेछ ।<br>१. परिचय पत्र<br>२. नागरीकता | | १ दिन | सम्बन्धित वडाः अध्यक्ष/ वडा सचिव |
| | | | | |
| १. मालपोत असुली | १. जग्गाधनी प्रमाणपत्र वा प्रतिलिपी<br>२. पछिल्लो पटक मापलोत तिरेको रसिद | | १ दिन | गाउँपालिकाः राजस्व शाखा वा वडा |
| २. एकीकृत सम्पत्ति कर | १. जग्गाधनी प्रमाणपत्र वा प्रतिलिपी<br>२. पछिल्लो पटक कर तिरेको रसिद | | १ दिन | गाउँपालिकाः राजस्व शाखा वा वडा |

| सेवाको किसिम | सेवा प्राप्त गर्न उपलब्ध गराउनु पर्ने कागज प्रमाण एवं प्रक्रिया | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र समय | | जिम्मेवार निकाय: सम्पर्क अधिकारी वा शाखा |
|---|---|---|---|---|
| | | दस्तुर | समय | |
| ३. व्यवसाय कर | १. उद्योग व्यापार तथा व्यवसाय दर्ता प्रमाणपत्र<br>२. पछिल्लो पटक कर तिरेको विवरण खुल्ने कागजात | | १ दिन | गाउँपालिका: राजस्व शाखा वडा |
| | | | | |
| १. आयोजना सम्झौता तथा बैंक खाता खोल्न | १. रितपूर्वक भरिएको नगरपालिकाले उपलब्ध गराएको आयोजना तथा संझौता फाराम<br>२. उपभोक्ता समिति/अनुगमन समिति गठन गर्दाको निर्णय प्रतिलिपि<br>३.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र<br>४. उपभोक्ता समितिका पदाधिकारीको नागरिताको फोटोकपी<br>५. प्रबिधिक लागत अनुमान (ल.ई.)/ कार्यक्रम<br>६. बैंक खाता खोल्न ३/३ प्रति फोटो, उपभोक्ता समितिको निर्णय र वडा कार्यालयको सिफारिश | | १ दिन | गाउँपालिका: योजना शाखा, प्राविधिक शाखा, प्रमुख प्रशासकीय अधिकृत |
| २. आयोजना किस्ता भुक्तानी र फरफारक | १. किस्ता भुक्तानी वा फरफारक निवेदन<br>२. बिल भरपाई<br>३. वडा समितिको सिफारिस<br>४. योजना सम्बन्धी भएमा प्राविधिक प्रतिवेदन<br>५. योजना सम्पन्न भएकोउपभोक्तासमितिको निर्णय प्रतिलिपि<br>६. अनुगमन समितिको निर्णय प्रतिलिपि<br>७. वडासचिव/वडा अध्यक्षको रोहवरमा गरिएकोसार्वजनिक परीक्षणको निर्णय प्रतिलिपि | | १ दिन | गाउँपालिका: योजना, प्राविधिक,लेखा शाखा, प्रमुख प्रशासकीय अधिकृत |
| च. न्याय सम्पादन | | | | |
| १. न्यायीक समितिमा मुद्दा दर्ता र प्रतिउत्तर पत्र दर्ता | १. हदम्याद तोकिएकोविषयमा सोही बमोजिम र नतोकिएकोमा ३५ (पैतिस) दिनभित्र रितपूर्वक तयार गरेको (तीन पुस्ते विवरण, ठेगाना र सम्पर्क माध्यम खुलेको) निवेदन पत्र ।<br>२. आवश्यक सम्वद्ध कागजातहरु२. आवश्यक सम्वद्ध कागजातहरु | | सोहि दिन | न्यायीक समिति वा समितिले तोकेको मेलमिलापकर्ता/ केन्द्र |
| २. न्यायीक समितिले उजुरी हेर्ने विषय र समाधानको तरिका | *न्यायीक समितिबाट निरुपण, फैसला हुने विषयहरु:*<br>*१क० आलीधुर, बाँधपैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,*<br>*१ख० अर्काको बाली नोक्सानी*<br>*१ग० चरन,घाँस, दाउरा*<br>*१घ० ज्याला मजुरी नदिएको,*<br>*१ङ० घरपालु वा पशुपंक्षी हराएको वा पाएको,*<br>*१च० ज्येष्ठ नागरिक पालन पोषण तथा हेरचाह नगरेको,*<br>*१छ० नाबालक छोराछोरी वा पति पत्नीलाई आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको,*<br>*१ज० वार्षिक २५ लाख रुपैयाँ सम्मको घरबहाल*<br>*१झ० अन्य व्यक्तिको घर,जग्गा वा सम्पत्तिलाई असर पनेगरी रुख विरुवा लगाएको,*<br>*१ञ० आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वासार्वजनिक बाटोमा पानी झारेको,*<br>*१ट० सँधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनउँदा छोड्नुपर्ने जग्गा नछोडेको,*<br>*१ठ० कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको*<br>*१ङ० अन्य कानून बमोजिमका विषयहरु* | *मेलमिलापको माध्यमबाट मात्र छिनोफानो हुने विषयहरु:*<br>***१क० सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी मिची वा घुसाइ खाएको,***<br>***१ख० सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने जग्गामा घर वा कुनै संरचना बनाएको***<br>***१ग० पति(पत्नी बीचको सम्बन्धविच्छेद,***<br>***१घ० अंगभंग बाहेकको बढीमा१ वर्षसम्म कैद हुने कुटपिट, १ङ० गाली बेइज्जती, १च० लुटपिट,***<br>***१छ० पशुपंक्षी छाडा छाडेको वा राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको,***<br>***१ज० अरुको आवास मा अनधिकृत प्रवेश गरेको,***<br>***१झ० अर्काको हकरभोगमा रहेको जग्गा आबादरभोगचलन***<br>***१ञ० ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुऱ्याएको,***<br>***१ट० प्रचलित कानून बमोजिम मेलमिलाप हुनसक्ने व्यक्ति बादी भई दायर हुने अन्य देवानी र १ वर्षसम्म कैद हुनसक्ने फौजदारी विवाद ।*** | | |
| ज. विविध विषयहरु | | | | |
| १. सूचनाको हक सम्बन्धी विवरण | १. रितपूर्वक पेश गरिएको निवेदन<br>२. निवेदकको नागरिकता वा नागरिक भएको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी<br>*(दश पृष्ठ भन्दा बढीको विवरण भएमा शुल्क लाग्ने)* | | १ दिन | गाउँपालिका वा वडा कार्यालय: सूचना अधिकारी |
| २. बन्द घर कोठा खोल्ने रोहवर | १. रितपूर्वक विवरण खुलेको निवेदन<br>२. बन्द घर कोठा खोल्नुपर्नाको कारण आधार स्पष्ट हुने कागजात<br>३. निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी | | सोही दिन | वडाध्यक्ष वा वडा सचिव |
| ३. गा.वि.स/वडा फरक परेको सम्बन्धी सिफारिश | १. रितपूर्वक पेश गरिएको निवेदन<br>२. निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी<br>*(संघीय पुन:संरचना वा सरकारको निर्णयले फरक परेकोमा मात्र)* | | सोही दिन | वडाध्यक्ष वा वडा सचिव |
| ४. सिफारिसहरु (अंग्रेजीमा) | १. सम्बन्धित क.सं. मा उल्लेख गरिए बमोजिमका कागजातहरु पेश गर्नुपर्ने<br>२. अन्य सिफारिशहरु अंग्रेजीमा गर्नुपर्दा नियमानुसार कागजात | | | सम्बन्धित क.सं.मा उल्लेख भएबमोजिम वा नियमानुसार |

**नोट:** उपरोक्त वडापत्रमा उल्लेख नभएका सेवा/शुल्कको हकमा गाउँपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ र सेवा प्रवाह प्रक्रिया गाउँपालिकाको प्रचलित नियमानुसार हुनेछ । सेवासम्वद्ध थप जानकारी सूचना अधिकारी वा सम्बन्धित पदाधिकारी/कर्मचारीबाट लिन सकिनेछ । साथै, सेवाप्रवाह सम्बन्धी कुनै विषयमा वडास्तरका कर्मचारीको हकमा वडाध्यक्ष समक्ष, गाउ कार्यपालिकाका कर्मचारीको हकमा प्रमुख प्रशासकीय अधिकृत समक्ष र प्रमुख प्रशासकीय अधिकृतको हकमा गाउँपालिका अध्यक्ष समक्ष गुनासो व्यक्त गर्न सकिनेछ ।

(विस्तृत जानकारीको गाउँपालिका, वडा कार्यालयका अतिरिक्त फोन नं ०८२-४१३०७७
website: www.raptimundang.gov.np मा संम्पर्क गर्नुहोला ।)